# स्वास्थ्यक्षेत्रका नीतिगत समस्या र समाधानका उपायहरू



डा. प्रमोद लामिछाने
वरिष्ठ अर्थोपेडिक सर्जन

मानिसको नैसर्गिक अधिकारमध्ये स्वास्थ्यसेवा पनि एक हो । कुनै पनि नागरिकले निर्बाध रूपमा स्वास्थ्यसेवा पाउनुपर्छ भन्नेमा कसैको पनि फरक मत छैन । धेरै थरीका स्वास्थ्यसेवा मोडालिटीमध्ये नेपालले मिश्रित प्रणाली अपनाएको छ । कुनै देशमा सबै खालका स्वास्थ्यसेवा पूरै सरकारी स्तरबाट मात्र हुन्छ । शतप्रतिशत स्वास्थ्यको जिम्मा सरकारले लिएको हुन्छ । मेडिकल कलेज र युनिभर्सिटीका हस्पिटल यिनैअन्तर्गत पर्दछन् ।

सरकारले नागरिकको स्वास्थ्यको जिम्मा निजी क्षेत्रलाई पनि लगाएको छ । त्यस्ता अस्पतालहरू उद्योग मन्त्रालयअन्तर्गत कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई स्वास्थ्य मन्त्रालयका विभिन्न निकायबाट सञ्चालन अनुमति लिएर सुचारु हुन्छन् । आजभन्दा करिब २० वर्षअघिका नर्सिङ होम स्थापनासँगै निजी अस्पताल सञ्चालनमा आएका थिए । सरकारको केही मापदण्डसहित २०६१ सालमा निर्देशिका लागु भयो । निजी तथा गैरसरकारी स्वास्थ्यसंस्थाको स्थापना, सञ्चालन नीति, मापदण्ड एवम् पूर्वाधार निर्देशिकामा समेटिएको छ ।

त्यसभन्दा अगाडि खासै लिखित रूपमा मापदण्ड पुस्तिकाको रूपमा पाइँदैन । जनसङ्ख्या बढ्ने क्रममा आधुनिकीकरणसँगै अस्पतालहरू थपिँदै गए र सरकारका मापदण्ड पनि बन्दै गयो । यस्ता अस्पतालहरू सेवामूलक उद्योगअन्तर्गत पर्दछन् भन्ने कुरा स्वयम् केही अस्पताल सञ्चालकहरूलाई पनि थाहा छैन । हुनत नेपालमा उद्योग शब्दलाई देहव्यापार उद्योग, ज्यान मार्ने उद्योग इत्यादि रूपमा व्यापक प्रयोग भएको पाइन्छ । तर वास्तवमा ती कार्यहरू आपराधिक गतिविधिमा पर्ने भएकाले उद्योगअन्तर्गत पर्दैनन् ।

मुख्य कुरा नेपाल सरकारको स्वास्थ्यसँग सम्बन्धित नीतिगत कुराहरू धेरै कठोर छन् । जनताको स्वास्थ्यसँग खेलवाड गर्न कसैले पाइँदैन । त्यसमा दुई मत छैन र सबै जनताले सरल, सुलभ र उत्कृष्ट स्वास्थ्यसेवा पाउनुपर्छ । तर स्वास्थ्यसेवा प्रदायक संस्थालाई पनि अनुकूल वातावरण र सहयोग सरकारबाट हुनु उत्तिकै जरूरी छ । सरकारका दीर्घकालीन नीति र मापदण्डहरू आवश्यक छन् । हो, प्रविधि बदलिन्छ, प्राविधिक ज्ञान, सीप र सामानहरू परिवर्तित हुन्छन् र त्यसको मापदण्ड पनि परिवर्तित हुँदै जानुपर्दछ ।

तर भौतिक मापदण्ड स्थिर हुन जरूरी हुन्छ । नेपालमा भौतिक मापदण्ड पनि बर्सेनि परिवर्तन गर्दा स्वास्थ्यसेवा प्रदान गर्न धेरै व्यवधानहरू आइलागेका छन् । उदाहरणका लागि २०६१ सालको निर्देशिकाबमोजिम निर्माण भएका स्वास्थ्यसंस्था २०७० र त्यसपछि भएका संशोधनमा अटाउँदैनन् । २०७२ को भूकम्पपछि भवन मापदण्ड यति कडा भयो कि त्यसभन्दा अगाडि सञ्चालनमा आएका कुनै पनि अस्पताल, सरकारी हुन् वा निजी कुनै पनि मापदण्डभित्र पर्न सकेनन् । यसले दुई ओटा विकल्प देखाएको छ । कि सबै अस्पताल बन्द हुनुपर्‍यो कि त मापदण्ड लचिलो हुनुपर्‍यो । हाम्रा मापदण्ड यति कठोर छन् कि जुन विकसित देशका भन्दा पनि कडा छन् । विभिन्न देशमा उत्कृष्ट कुराहरू मात्र समेटेर स्वास्थ्यसेवालाई व्यवस्थित गर्न खोजिएको परिप्रेक्ष्यमा हाम्रा मापदण्डमा धेरै त्रुटिहरू छन् । त्यसमा पनि यस्ता भौतिक कुरा बर्सेनि परिवर्तन गरिदिनाले पहिलेको मापदण्डअनुसार सञ्चालनमा आएका अस्पतालहरूको अपरिवर्तित भौतिक पूर्वाधारमा केही गर्न नसक्ने अवस्था हुन्छ । त्यसले समस्या मात्र सिर्जना गर्छ ।

सरकारी नीतिले सबै नागरिकलाई समान मानेको हो भने सरकारी स्वास्थ्यनिकाय पनि



सोहीअनुसार हुनु आवश्यक छ तर धेरै ठाउँमा त्यस्तो भएको देखिँदैन, पाइँदैन । नागरिकको सुरक्षा निजीमा गए बढी र सरकारीमा भए कम भन्ने हुन सक्दैन । यस्ता अनेकौँ व्यवधानहरू छन्, जुन अस्पताल जस्ता सेवा प्रदायक उद्योगहरूले झेल्नुपरेको छ । सरकारले जबसम्म नेपाल राज्यभर भएका सबै पूर्वाधार नेपालको सम्पत्ति हो, चाहे त्यो निजी होस् वा सरकारी भन्ने महसुस गर्दैन त्यसले देशको समृद्धि गर्न गाह्रो छ । सबै लगानी देशको हो । देशका लागि हो तर केवल स्वामित्व मात्र फरक हो भन्ने सोचेर भएका लगानीलाई व्यवस्थित गर्नुपर्छ । कडा मापदण्डले मात्र विकास हुँदैन; केही लचकता अपनाउनुपर्छ वा अन्य विकल्प भए वैज्ञानिक ढङ्गबाट व्यवस्थापन गर्दै जानुपर्दछ । अथवा अब आउने नयाँ उद्योगहरूलाई सो मापदण्ड पूरा गर्न लगाउनुपर्छ, नभए खोल्न दिनुहुँदैन ।

अहिलेको हाम्रो देशको अवस्था हेर्दा पीपीपी निजी सार्वजनिक साझेदारीको मोडालिटीबाट अघि बढ्नुपर्छ । मलेसियामा महाथिरले यही मोडालिटीअनुसार २० वर्षमा देशलाई कायापलट गरिदिए । स्वास्थ्यक्षेत्र मात्र नभई सबै उद्योगहरूलाई सरकारले यही दृष्टिबाट हेर्नुपर्छ । कठोर नीतिमा अडिग रहेर निजी क्षेत्रलाई बेवास्ता गर्दै जाने हो भने स्वास्थ्यक्षेत्र मात्र होइन, राष्ट्रका सबै क्षेत्रको विकासमा यसले ठूलो असर पार्दछ । यस विषयप्रति सरकार र सरोकारवाला सबै आ-आफ्नो ठाउँबाट जिम्मेवार हुनै पर्दछ ।

"दिगो आर्थिक विकासका लागि औद्योगिक प्रवर्द्धन" भन्ने मूल उद्देश्यका साथ
**चितवन उद्योग संघ**को आयोजनामा सञ्चालित
**राष्ट्रिय औद्योगिक प्रदर्शनी-२०७४** को
पूर्ण सफलताको हार्दिक शुभकामना !



**सुकृपा कापी उद्योग**
चितवन, मो.: ९८५५०८०९५८